# सञ्चारपत्र

SANCHARPATRA DAILY

दैनिक



Jan, April, July & October Intake Available

Study in JAPAN

You can apply All Cities of Japan Tokyo/Osaka/Kobe/Kyoto/Fukuka/Okinawa/Yokohama and many more..

OUR SERVICE :

- Quality Japanese Language with Experience Teacher
- Contact person available in Japan for any time
- Dependent also can apply after 1 year
- Working Visa after 1 year Language
- Scholarship available after 1 year
- Minimum amount from 5 Lakhs
- Airport Pick-up Service
- Part Time Job Gurantee
- Place of your choice
- Pay After Visa

HIMAWARI INTERNATIONAL
Langauage School, Bharatpur-10, Chitwan
Tel: +977-56-527506, Mob: +977-9855050903/ 9855056203
Japan Office : +81-90-9160-4436 (Anup)



वर्ष २ अङ्क १९५ पूर्णाङ्क ५४१ | २०७२ वैशाख १० गते बिहीबार (23 Apr., 2015) | (पृष्ठ–४) मूल्य रु.३|– | (website : www.chitawan.com)


# भारतीय पर्यटक बोकेको बस दुर्घटना, १७ तीर्थालुको मृत्यु



धादिङको नौबिसे गाविस वडा नं ५ स्थित त्रिभुवन राजपथको झ्याप्लेखोलामा भारतीय तीर्थालु बोकेको बस दुर्घटना हुँदा घाइतेहरूको उद्धार गरिँदै । *तस्बिर: रासस*

**सीताराम अधिकारी**
धादिङ, ९ वैशाख ।

त्रिभुवन राजपथको झ्याप्लेखोलामा बुधबार बिहान भएको बस दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या १७ पुगेको छ ।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक प्रकाश मल्लले दिएको जानकारीअनुसार मृत्यु हुनेमा आठ महिला र नौ पुरूष रहेका छन् । त्रिभुवन राजपथको झ्याप्लेखोलामा बुधबार बिहान भएको सो बस दुर्घटनामा मारिएकाहरुमध्ये १२ जनाको मात्रै सनाखत भएको छ ।

भारतीय तीर्थालुहरु बोकेका दुई तले सो बस दुर्घटनामा परी मृत्यु हुनेमा देवजीभाइ सतवाहार, गणेशभाइ सतवाहार, दयारामभाइ सतवाहार, नारसीभाइ सतवाहार, गारामभाइ सतवाहार, गणपतभाइ सतवाहार, दलपतभाइ सतवाहार छन् । त्यस्तै, जसुवेन सतवाहार, लीलावेन सतवाहार, सवितावेन सतवाहार, गौरीवेन सतवाहार र कन्चनवेन सतवाहारको मृत्यु भएको छ ।

मृतक पाँचको भने सनाखत हुन बाँकी छ । दुर्घटनामा १३ को घटनास्थलमै र चारको उपचारका क्रममा मृत्यु भएको थियो ।

दुर्घटनामा परी घाइते हुनेमा कालुभाइ सतवाहार, हरिदेवान सतवाहार, सरिता जैन सतवाहार, ललित सतवाहार, चिनिलाल सतवाहार, मञ्जुवैन सतवाहार, सुरजवैन सतवाहार, मुल्लीभाइ सतवाहार, भगवानभाइ सतवाहार, गणेशभाइ सतवाहार, लीलावैन सतवाहार, लीलुभाइ बल्लभ सतवाहार छन् ।

(बाँकी तेस्रो पृष्ठमा)

## बालमैत्री जिल्ला बनाउन पहल

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ९ वैशाख

चितवनलाई बालमैत्री जिल्ला बनाउन सरोकारवालाहरूले जोड दिएका छन् । जिल्ला विकास समिति, चितवनद्वारा बुधबारदेखि भरतपुरमा आयोजित 'स्थानीय शासन सम्बन्धी दुई दिने जिल्लास्तरीय अनुशिक्षण' कार्यक्रमका सहभागिहरूले चितवनका बालबालिकाको स्वास्थ्य, शिक्षा, जीवनपद्धतिका लागि विभिन्न कार्यक्रम ल्याउनुपर्ने बताए ।

बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरूको अभिलेख राखि उनीहरूले विनियोजन गर्ने बजेटको सही लेखाजोखा हुनसके लक्षित वर्गमा कार्यक्रम पुग्ने उनीहरूको भनाई थियो ।

अनुशिक्षण कार्यक्रमका प्रमुख अतिथि एवम् चितवनका निमित्त प्रमुख जिल्ला अधिकारी दामोदर शर्माले लक्षित वर्गमा कार्यक्रम पुग्न दातृ निकाय र सरोकारवालाहरूको भूमिका आवश्यक रहेको उल्लेख गरे ।

जिल्ला विकास समिति, चितवनका स्थानीय विकास अधिकारी भरतमणी पाण्डे र विजय विकास स्रोत केन्द्रका नारायण सापकोटाले कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका थिए ।

जिविस, चितवनका सामाजिक विकास अधिकृत रामहरि न्यौपानेले जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको कार्यक्रम लक्षित वर्गमा पुऱ्याउन आवश्यक तयारी भएको र यो अनुशिक्षणले सरोकारवाला लाभान्वित हुने बताए । कार्यक्रममा चितवनका राजनीतिल दल, सामाजिक कार्यकर्ता, सञ्चारकर्मी र कानून व्यवसायीको सहभागिता रहेको छ । कार्यक्रम आज बिहीबारसम्म चल्नेछ ।

# 'घरधनीले यथार्थ कर तिर्दैनन्'



**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ९ वैशाख

बजार क्षेत्रका घरधनीले कोठा भाडामा लगाए वापत आन्तरिक राजश्व कार्यालय, भरतपुरमा तिर्नुपर्ने यथार्थ घर बहाल कर नतिर्दा कार्यालयले लक्ष्य अनुसार घर बहाल कर सङ्कलन गर्न सकेको छैन ।

चितवनका घरधनीहरूले कोठा भाडामा लगाए वापत लिने घरभाडाको झुटो विवरण कार्यालयमा उपलब्ध गराउँदै घरधनीहरूले थोरै मात्रै घर बहाल कर तिर्ने गरेका कारण लक्ष्य अनुसारको प्रगति नभेटाइएको आन्तरिक राजश्व कार्यालय, भरतपुरका प्रमुख कर अधिकृत टिकाराम भुषालले बताए । बजार क्षेत्रका घर तथा पसलका कोठाहरू तीन हजार रूपैयाँमा भाडामा लगाएको 'झुट्टा' सम्झौतापत्र बनाउँदै घरधनीले घर बहाल कर थोरै तिर्ने गरेका भुषालले बताए ।

कार्यालयबाट घर बहाल कर अनुगमन गर्दा कतिपय व्यक्तिहरूले घर, जग्गा भाडामा लगाएर आय आर्जन गर्दै आएका र त्यस वापत कार्यालयलाई तिर्नुपर्ने कर नतिरेका पाइएको भुषालले बताए । घरधनीहरूले आफ्नो घर, सटरमा बस्ने व्यक्ति तथा व्यवसायीलाई कम रकमको सम्झौता बनाउन बाध्य पारेका तथा नियम अनुसार १० प्रतिशत कर कट्टा गरी राजश्व नबुझाएका भन्ने सूचना कार्यालयमा प्राप्त भएको भुषालले बताए । साथै, बहालमा बस्ने व्यक्तिले घरधनीलाई ९० प्रतिशत रकम मात्र बुझाउन र बाँकी १० प्रतिशत रकम कार्यालयमा बुझाउन भुषालले आग्रह गरे ।

वर्षै पिच्छे घर तथा सटरको भाडा रकम वृद्धि हुँदा समेत घरधनीहरूले पुरानै घर बहाल सम्झौता देखाउने र बढेको भाडाको कर समेत नतिर्ने गरेको भुषालले बताए । घरधनीहरूलाई करको दायरामा ल्याउनको लागि कार्यालयले वैशाखको दोस्रो हप्ताबाट कडा रूपमा अनुगमन थाल्ने भुषालले बताए । बजार क्षेत्रका कोठा तथा सटरको लागि उपभोक्ताले न्यूनतम दुई हजार रूपैयाँदेखि ६० हजार रूपैयाँसम्म भाडा वापत रकम घरधनीलाई बुझाउँदै आएका छन् ।

नारायणगढका व्यवसायी दिनेश चुकेले कतिपय अवस्थामा बहालमा बस्ने व्यापारीहरूको कारण नै घर बहाल सम्झौता थोरैको बनाइने गरेको बताए । यथार्थ घर बहाल जानकारी गराउँदा वर्षमा दुई लाख रूपैयाँ भन्दा बढी घर भाडा तिर्नुभएपछि व्यवसाय भ्याटमा लैजानुपर्ने अवस्थाले पनि व्यापारीले थोरै रकमको सम्झौता बनाउने गरेको चुकेले बताए ।

आन्तरिक राजश्व कार्यालय, भरतपुरले चालु आर्थिक वर्ष २०७१/७२ को चैत मसान्तसम्म घर बहाल कर शीर्षकमा आठ करोड ३९ लाख ५० हजार रूपैयाँ सङ्कलन गर्ने लक्ष्य लिएको थियो । कार्यालयले यस अवधिमा लक्ष्य भन्दा चार करोड ४५ लाख ६३ हजार रूपैयाँ कम राजश्व सङ्कलन गरेको हो । कार्यालयले चैत मसान्तसम्म घर बहाल कर अन्तर्गत तीन करोड ९३ लाख ८७ हजार रूपैयाँ मात्र राजश्व सङ्कलन गर्न सफल भएको छ ।

कार्यालयले यस आर्थिक वर्षको चैत महिनामा ७१ लाख ४४ हजार रूपैयाँ घर बहाल कर सङ्कलन गर्ने लक्ष्य लिएको थियो । चैत महिनामा कार्यालयले घर बहाल कर वापत ४६ दशमलव ७३ प्रतिशत सफलता पाउँदै ३३ लाख ३८ हजार रूपैयाँ मात्र सङ्कलन गरेको छ ।

## तामाङ सञ्चार समूहको भित्तेपात्रो

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ९ वैशाख

तामाङ सञ्चार समूह जिल्ला शाखा चितवनले भोजाडको छेच्यु थर्पलिङ गुम्बामा बुधबार शुभकामना आदानप्रदान एवम् क्यालेण्डर विमोचन कार्यक्रम सम्पन्न गरेको छ ।

तामाङ समुदायलाई आफ्नो महत्त्वपूर्ण तिथिमिति बारे जानकारी गराउने उद्देश्यले भित्तेपात्रो प्रकाशन गरिएको समूहका सचिव ज्ञानेन्द्र तामाङले बताए ।

कार्यक्रममा वक्ताहरूले सञ्चार समूहलाई शुभकामना दिँदै भित्तेपात्रोमा मात्रै सिमित नभइ आदिवासी, महिला, दलित हेपिएका, दविएकाहरूको अधिकार प्राप्तिका लागि अघि बढ्न सुझाव दिएका थिए ।

सञ्चारकर्मीहरूले भेषभूषा, धर्म, संस्कृति, भाषा, लिपि संरक्षणमा पनि जोड दिनुपर्ने बताएका थिए ।

कार्यक्रममा समूहका अध्यक्ष उर्गेन तामाङले आगामी दिनमा थप तिथि मिति सहितका सामग्री समेट्ने भन्दै सबैको सल्लाहलाई आत्मसात गर्दै अघि बढ्न समूह प्रतिबद्ध रहेको बताए ।

सञ्चार समूहले व्यक्तित्व विकास एवम् उद्घोषण कला तालिम, विभिन्न जनचेतनामूलक कार्यक्रमलगायत विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ ।

## नदीबाट जीवितै उद्दार

**सञ्चारपत्र सम्वाददाता**
नारायणगढ, ९ वैशाख

नारायणगढ स्थित नारायणी नदीको पुलबाट नदीमा हाम फालेर आत्महत्या गर्न खोजेका एक भारतीय युवकलाई प्रहरीले जीवितै उद्दार गरेको छ ।

भारत सीतामढी घर भई वैष्णव होटलमा काम गर्ने वर्ष ३० को शम्भु मुखियालाई बुधबार राती साढे ८ बजे वडा प्रहरी कार्यालय नारायणगढको प्रहरी टोलीले नदीमा पौडेर उद्दार गरेको प्रहरी निरीक्षक सत्यनारायण थापाले जानकारी दिए । मुखियाको अवस्था सामान्य रहेको र उनी अहिले प्रहरीको नियन्त्रणमा छन् ।


## १००% जाँड रक्सी चुरोट छुटाउन

१. शत प्रतिशत शरीरको तौल घटाउन वा बढाउन
२. अनुहारको चाँया, पोतो डन्डीफोर चाउरीपना घटाउने ।
३. कपाल झर्न रोकी उमार्ने
४. यौन दुर्वलता र कमजोरीका लागी
५. रक्सी चुरोट, गाँजा र ड्रग्सको कुलत छुटाउन
६. स्तन बढाउन वा घटाउन

सम्पर्क :
पञ्चपुष्प हर्वल
०५६-५७२१११, मो. ९८४५१८१६७०,९८५५०५०३५०
पुलचोक नेपाल ईन्भेष्टमेन्ट बैंक नजिक
फ्रि होम डेलीभरीको सुविधा छ ।


## आन्तरिक राजस्व कार्यालय ,भरतपुरको घरबहाल कर सम्वन्धमा जरूरी सूचना

**(संसोधित घरभाडा सम्झौतापत्र (वास्तविक रकमको) पेश गर्न अनिवार्य) र पेश नगर्ने माथि छानविन गरिने ।**

यस कार्यालयबाट घर बहाल कर अनुगमन हुँदा कतिपय व्यक्तिहरूले आफूले घर, जग्गा बहालमा लगाई आय आर्जन गरेको र सो को कर नतिरेको, आफ्नो घर,सटरमा बस्ने व्यवसायीहरू वा व्यक्तिहरूलाई कम रकमको सम्झौता बनाउन बाध्य पारेको , नियमानुसार १०% कर कट्टा गरी राजस्व नबुझाएको भन्ने सूचना प्राप्त भएका छन् । त्यस्तै कतिपय बहालमा बस्ने व्यवसायीहरूले नक्कली सम्झौता पत्र बनाउने र यस कार्यालयमा पेश गर्ने गरेको १०% कर कट्टा नगरी पुरै रकम घरधनीलाई भुक्तानी गरेको पाइएकोले अव उप्रान्त घरवहाल बापत भुक्तानी गर्दा १०% कर कट्टी गरेर मात्र घरधनीलाई ९०% रकम मात्र भुक्तानी गर्न र उक्त ९०% कर रकम यस कार्यालयमा राजस्व जम्मा गर्न अनुरोध गरिन्छ । वर्षै पिच्छे भाडा रकम वृद्धि हुँदा समेत पुरानै घर वहाल संझौता देखाउने र बढेको भाडाको कर नतिर्ने प्रवृति रोक्न अब उप्रान्त कार्यालयमा जुनसुकै सेवा प्राप्त गर्दा बढेको घरभाडा समेतको संसोधित घरभाडा सम्झौतापत्र (वास्तविक रकमको) पेश गर्न अनिवार्य गरिएको ब्यबस्था जानकारी गराइन्छ ।





DON'T MISS THE OPPORTUNITY TO GIVE YOUR CHILD A HEAD START IN LIFE

Asia's Largest Preschool Chain Now in Chitwan

END TO END SUPPORT | CERTIFIED METHODOLOGY | 2000+ CENTRES | 11 Years EXPERIENCE IN PRESCHOOL FRANCHISING | 500+ CITIES

# Vacancy Announcement

KIDZEE Chitwan Center Announces
Vacancies for the following posts

Teacher : 2  Front Desk Officer : 1  Security Guard : 1

Please apply with your resume@ kidzeechitwan@gmail.com
by April 29, 2015. Short listed candidates will be called for an interview

We are also at Gyaneshwor, Sanepa, Kalanki, Tahachal, Old Baneshwor, Biratnagar, Dharan and Dhangadi

Chitwan Contact:
Bharatpur-10, Hakimchowk
Ph: 056-533172, 9845044279, 9816252007

QATAR को SEMI GOVERNMENT कम्पनीको लागि SECURITY GUARD हरुलाई रोजगारीको अवसर ।

Hemaya

कम्पनीको नाम: HEMAYA SECURITY SERVICES CO. Doha, Qatar

पूर्व स्वीकृती मिति : २०७२/०१/०७ चलानी नं. ६००८९१८६ पत्र संख्या ०७०/७१ L.T. No 128719

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि | कामदार छनोट तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 300 | 0 | सम्वन्धित काममा दक्ष | 1500 | ४०,५०० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छ | छ | २ बर्ष | अन्तर्वार्ता |

फाइनल अन्तरवार्ता कम्पनीका प्रतिनिधीद्वारा बैशाख १३ गते चितवनमा हुँदैछ ।

Female Security Guard, Laundry Man र GCC Light Driver ले पनि सम्पर्क गर्नुहोला ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ३३७/०५९/०६०
चितवन सम्पर्क ९८०२९०९५९५/९८०३९४२४१७ ९८४५७१५७२६

सञ्चारपत्र
SANCHARPATRA DAILY दैनिक

भोजनको प्रभाव मस्तिष्कमा पनि पर्दछ, त्यसैले सात्विक भोजन गर्नुपर्छ । –प्लेटो

## सम्पादकीय

# महिला हिंसा न्यूनीकरणमा चासो

*महिला हिंसाका घटना जति उजागर हुँदैछन् त्यति नै अपराधीहरू पनि पक्राउ पर्दैछन्, सजायको भागिदार हुँदैछन् । फेरि पनि घटनाहरू सार्वजनिक हुन छोड्दैनन् । घर, परिवार र समाजमा हुने गरेका त्यस खालका पासविक घटनाका समाचारले दिनहुँ अखबारका पाना भरिन छोडेका छैनन् । अझै बाहिर आउन नसकेका घटनाहरू कति होलान् सोधको विषय हुन सक्छ । विषेशगरी महिलाहरूमाथि अधिकांश आर्थिकसँग जोडिएर हिंसा हुने गरेको पाइन्छ । बिहेमा पर्याप्त दाइजो नपाएको निहुँमा प्रायः तराईका जिल्लाहरूमा नवविवाहित श्रीमतीमाथि स्वयम् श्रीमान्का अलावा सासू ससुरा, देवर जेठाजुलगायत आफन्तको सहयोगबाट हत्या हिंसा हुने गरेका छन् । महिला हिंसामा श्रीमान् नै बढी जिम्मेवार देखिएका छन् । छोरा नपाएको, चरित्र बिग्रिएको आदि आरोप लगाइ श्रीमतीमाथि हिंसा भएको पाइन्छ । कतिपय हिंसाको कारक मदिरा सेवन पनि हुने गरेको छ । आपराधिक मनोवृत्तिका कथित प्रेमीले प्रेमको नाटक गरी बलात्कार र हत्या नै गर्ने गरेका घटना पनि सार्वजनिक हुने गरेका छन् ।*

*पछिल्लो चरणमा सार्वजनिक भएका घटनामा नाबालिग बलात्कार, हत्यालगायतका जघन्य आपराधिक हिंसाका घटनाले मनमुटु हल्लिने गरेको छ । अझै नजिकका आफन्तजनबाट नै महिला तथा बालबालिका असुरक्षित हुने गरेको तथ्याङ्क सार्वजनिक हुँदा अब सुरक्षा कहाँ खोज्ने हो, प्रश्न खडा भएको छ । मानव शरीर धारण गरेका आपराधिक मनोवृत्तिका नरपिचासहरूले कहाँ कतिबेला आक्रमण गर्नेहुन् सम्पूर्ण अभिभावकहरू सजग र सतर्क हुनु परेको छ । जति हिंसा हुन्छन् त्यति नै उजागर हुने हो भने तथ्याङ्क ठूलो हुन सक्छ । तर पनि जति भएका छन् कम छैनन् । यसको न्यूनीकरणमा सरोकारवाला पक्ष चनाखो हुन जरूरी छ । तथ्याङ्क अनुसार घटनापछि ८० प्रतिशत उजुरीहरू मेलमिलापमा टुङ्ग्याइन्छ । प्रहरी कचहरी गरी घटना सार्वजनिक गरिँदा महिलालाई अप्ठ्यारो पर्ने भन्दै गुपचुप मेलमिलाप गर्ने प्रचलन गाउँघरमा देखिन्छ । जसका कारण पीडकले उन्मुक्ति पाउने गरेका छन् । जुन सर्वथा गलत हो ।*

*अपराध कर्म गरेका दोषीलाई कारबाही हुनै पर्छ । कारबाही नभएसम्म पीडितलाई राहत हुँदैन भन्ने सबैले बुझ्न जरूरी छ । मेलमिलापबाट छुट्कारा दिने प्रवृत्तिले पीडकको मनोबल पनि बढ्न गई ऊ पुनः आपराधिक क्रियाकलापमा संलग्न हुन सक्ने सम्भावना रहन्छ । पीडितलाई रूपैयाँ पैसाको प्रलोभनमा पारी घटनालाई लुकाउने, थप डर, धम्की र त्रास सिर्जना गरी घटनालाई बाहिर ल्याउन नदिने मनोवृत्तिका कारण हिंसाका घटनाले मौलाउने मौका पाएका छन् । कतिपय घटना प्रहरी कार्यालयबाटै मेलमिलापमा सल्ट्याइन्छ । यसो हुँदा पीडितले न्याय पाएको ठहर्दैन । हत्या हिंसा र बलात्कारका घटना न्यूनीकरणमा सबैले सामाजिक भूमिका निर्वाह गर्ने हो भने पीडकलाई कानुनी कठघरमा उभ्याउनै पर्छ । घटनाको प्रकृति हेरी उसले पाउने सजायबाट थप आपराधिक गतिविधि न्यूनीकरणमा सघाउ पुग्ने देखिन्छ ।*

सञ्चारपत्र दैनिकमा समसामयिक विषयमा लेख, रचना पठाउनुहुन अनुरोध छ । लेख, रचना हाम्रो इमेल ठेगाना esancharpatra@gmail.com मा पठाउन सक्नु हुनेछ । स्तरीय लेख रचनालाई स्थान दिईने छ । –सम्पादक

## तपाईंको आज

| | |
|---|---|
| मेष: अवसर पाइने र धनलाभ हुने समय छ । | तुला: बन्ने निश्चय भएको काम अचानक बिग्रन सक्छ । |
| वृष: प्रतिष्ठित काम गर्ने मौका छ । आत्म–विश्वास बढ्नेछ । | वृश्चिक: दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ । |
| मिथुन: कार्य सम्पादनमा विलम्ब भए पनि विगतका त्रुटि सच्याउने मौका छ । | धनु: सफलताका लागि प्रतिस्पर्धा गर्नुपर्ने समय छ । |
| कर्कट: आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । | मकर: अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ । निराश नहुनुहोस् । |
| सिंह: काममा मातापिताको सहयोग प्राप्त होला । प्रतिष्ठित काम गर्ने मौका छ । | कुम्भ: परिवारजन तथा बन्धु–बान्धवबीच आत्मीय भाव बढ्नेछ । |
| कन्या: आँटेको काम समयमा गर्न नसकिएला । अरुका काममा समय बित्न सक्छ । | मीन: उद्योग तथा व्यापारमा सामान्य फाइदा मिल्नेछ । |

## अभिमत

# यसरी भयो नेपालमा कम्युनिस्ट पार्टीको स्थापना

*२२ अप्रिल १९४९ को दिन, दिउँसो दुई बज्नै आँटेको थियो । कोलकाताको श्यामबजार इलाकास्थित नवीन सरकार लेनको २८ नम्बर घरको दोस्रो तल्लामा रहेको कोठामा चार नेपालीहरु उपस्थित थिए । आलोककुमार बनर्जीको त्यस घरमा नै नेपाल कम्युनिस्ट पार्टी स्थापनाको तयारी थियो । पुष्पलाल श्रेष्ठले अन्य तीनजनालाई त्यहाँ पुऱ्याउनुभएको थियो । खासमा भारतीय कम्युनिस्ट पार्टीका सदस्य पङ्कजकुमारको डेरा थियो त्यो । घरको कोठा सानो भएकाले धेरै गर्मीको अनुभूति भइरहेको थियो । त्यहाँ एक–एकवटा अण्डा र चिया खाइसकेपछि पुष्पलालले हस्तलिखित घोषणापत्र (कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद) दुईपटक पढेर सुनाउनुभयो । अरु तीनजनाले त्यसमा समर्थन जनाउँदै पारित गरेको घोषणा भयो । सँगै पहिलो पर्चा थियो । त्यसलाई पनि पढेर सुनाइयो र पारित गरियो । अनि नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको विधिवत् घोषणा भयो । पाँचजना नेपालीद्वारा ६५ वर्षअघि स्थापित नेपाल कम्युनिस्ट पार्टी यतिबेला मुलुकको राष्ट्रिय राजनीतिमा सबभन्दा बलियो ताकत बनेको छ । मूलतः कम्युनिस्ट पार्टीको नेतृत्वकारी भूमिकाकै कारण मुलुकमा शताब्दियौं लामो राजतन्त्र धरासायी भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ र मुलुकमा दिगो शान्ति एवम् नयाँ संविधान निर्माणको काम अघि बढिरहेको छ ।*



✍सूर्य थापा

२२ अप्रिल १९४९ को दिन, दिउँसो दुई बज्नै आँटेको थियो । कोलकाताको श्यामबजार इलाकास्थित नवीन सरकार लेनको २८ नम्बर घरको दोस्रो तल्लामा रहेको कोठामा चार नेपालीहरू उपस्थित थिए । आलोककुमार बनर्जीको त्यस घरमा नै नेपाल कम्युनिस्ट पार्टी स्थापनाको तयारी थियो ।

पुष्पलाल श्रेष्ठले अन्य तीनजनालाई त्यहाँ पुऱ्याउनुभएको थियो । खासमा भारतीय कम्युनिस्ट पार्टीका सदस्य पङ्कजकुमारको डेरा थियो त्यो । घरको कोठा सानो भएकाले हप्हपी गर्मीको अनुभूति भइरहेको थियो । त्यहाँ एक–एकवटा अण्डा र चिया खाइसकेपछि पुष्पलालले हस्तलिखित घोषणापत्र (कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद) दुईपटक पढेर सुनाउनुभयो । अरू तीनजनाले त्यसमा समर्थन जनाउँदै पारित गरेको घोषणा भयो । सँगै पहिलो पर्चा थियो । त्यसलाई पनि पढेर सुनाइयो र पारित गरियो । अनि नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको विधिवत् घोषणा भयो ।

पाँचजना नेपालीद्वारा ६५ वर्षअघि स्थापित नेपाल कम्युनिस्ट पार्टी यतिबेला मुलुकको राष्ट्रिय राजनीतिमा सबभन्दा बलियो ताकत बनेको छ । मूलतः कम्युनिस्ट पार्टीको नेतृत्वकारी भूमिकाकै कारण मुलुकमा शताब्दियौं लामो राजतन्त्र धरासायी भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ र मुलुकमा दिगो शान्ति एवम् नयाँ संविधान निर्माणको काम अघि बढिरहेको छ । ०६४ पुस ४ र ५ गते कोलकातास्थित त्यही घरमा पुग्दा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको यहीँ हो भनेर पत्याउन नै मुस्किल पर्ने अवस्था थियो । किनभने, साँघुरो गल्लीमा अवस्थित बनर्जीको त्यो घर वि.सं. २००८ सालमै उनले बेचिसकेका र उत्तर प्रदेशका रघुनाथ साह गुप्ताले खरिद गरेका रहेछन् । गुप्ताको पनि त्यहाँ तीन पुस्ता बित्नलागेको रहेछ । हाल उनका नाति अमित गुप्ता त्यहाँ बसिरहेको थाहा भयो ।

खासमा उनी राजनीतिक रूपमा असचेत व्यक्ति रहेको र नेपाल र नेपाल कम्युनिस्ट पार्टीको बारेमा खासै थाहा नभएको अवस्थामा देखिन्थे । यद्यपि, ०६२ सालमा नरबहादुर कर्माचार्य, गिरिराजमणि पोखरेल र कमानसिंह लामा त्यस घरमा पुग्दा छिमेकी ९५ वर्षीय गोपाल मुखर्जीबाट अमितलाई आफ्नो घरमा नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको भन्ने थाहा भएको थियो ।

नेपाल कम्युनिस्ट पार्टीले जसरी नेपाली क्रान्तिलाई विजयको बिन्दुमा पुऱ्याउनसकेको छैन, बरू विभिन्न समूहमा विभाजित छ, यसकै प्रतिछायाँ पार्टी स्थापना भएको घरमा पनि देख्न सकिन्छ । किनभने, ६० वर्षको अवधिमा त्यस घरले रङरोगन समेत पाउन सकेको पाइँदैन । एक युगसम्म जस्ताको तस्तै रहनु त्यसको मौलिक विशेषता बनेको छ ।

पार्टी स्थापनाअघिको परिवेश नेपाल कम्युनिस्ट पार्टी स्थापनाअघि पुष्पलाल नेपाली राष्ट्रिय काँग्रेसको कार्यालय सचिवसमेत हुनुहुन्थ्यो । '६५ दुग्धविनायक'स्थित केन्द्रीय कार्यालयमा साप्ताहिक विचारगोष्ठी सञ्चालन गर्ने क्रममा पहिलो दिन 'नागरिक तथा राजनीतिक अधिकार' भन्ने विषय राखिएको थियो । त्यस सम्बन्धमा केही बुँदा टिपोट गर्न डा. डिल्लीरमण रेग्मीसँग सोध्दा पुष्पलालले जवाफ पाउनुभयो, 'यो बुझ्न ठूलो दिमाग हुनुपर्छ, बीए–एमए हुनुपर्छ ।' त्यसपछि उहाँ हरिश्चन्द्र कलेजमा आईए पढ्न भर्नासमेत हुनुभयो तर राजनीतिक दौडधुपका कारण औपचारिक पढाइ छाड्न र स्वअध्ययनमा केन्द्रित हुन बाध्य हुनुभयो ।

पुष्पलालले पछि मार्क्स–एङ्गेल्सद्वारा लिखित 'कम्युनिस्ट घोषणापत्र' र लेनिनको 'गाउँका गरिब किसान' पढेर नागरिक तथा राजनीतिक अधिकारबारे बुझ्नुभयो । मार्क्स स्वयम्ले 'नोट्स अन इन्डिया'मा 'जङ्गबहादुर राणालाई अङ्ग्रेजी साम्राज्यवादको पाल्तु कुकुर' भन्ने उल्लेख गर्नुभएको छ भने एङ्गेल्सले 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' मा मगर जातिमा आदिम साम्यवादी समाज थियो भन्ने चर्चा गर्नुभएको छ । नेपालमा मार्क्सवादको प्रचार–प्रसार र कम्युनिस्ट विचारधाराको प्रवेश मूलतः वि.सं. १९९७ पछि भएको पाईन्छ ।

टंकप्रसाद आचार्यले पुष्पलालसँग नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास लेख्दा पहिलो कम्युनिस्ट दशरथ चन्द हो भनी लेख्नुपर्ने सुझाव दिनुभएको पाईन्छ । दशरथ चन्दले 'राल्फ फक्स'को 'कम्युनिस्ट' नामक पुस्तक पढेर त्यसबाट प्रेरणा लिएको जानकारी समेत टंकप्रसादले गराउनु भएको थियो । वास्तवमा दशरथ चन्द र गङ्गालालमा कम्युनिस्ट विचारको प्रभाव रहेको थियो । उहाँहरु दुवैजना असाध्यै मिल्ने साथी हुनुहुन्थ्यो ।

बनारस अध्ययनको क्रममा सुरूमा बीपी कोइराला र गिरिजाप्रसाद कोइराला मार्क्सवादी विचारबाट प्रभावित हुनुहुन्थ्यो । तर, पछि नेपाली राष्ट्रिय काँग्रेस र नेपाली काँग्रेसको नेता हुनुभयो । वि.सं. १९९८ मा मार्क्सवादी विचारबाट प्रभावितहरूले उपत्यकामा 'अखिल नेपाल वर्ग महासभा'को गठन गरेका थिए तर त्यसको खासै सक्रियता रहेन । वि.सं. १९९५ तिर बनारसमा पढ्न जानुभएका मनमोहन अधिकारी वि.सं. १९९९ तिर भारत छोडो आन्दोलनमा सक्रिय बन्नुभयो र बनारसमा जेल पर्नुभयो । उहाँ त्यहीँ कम्युनिस्ट भएर निस्कनुभयो र भारतीय कम्युनिस्ट पार्टीको बनारस जिल्ला कमिटी अन्तर्गत रहेर काम पनि गर्नुभयो ।

साथै, दरभङ्गालगायतका क्षेत्रमा समेत उहाँ सक्रिय रहनुभयो । वि.सं. २००४ मा पाटनमा गठन भएको 'विश्व भ्रातृसंघ'मा पनि कम्युनिस्ट विचारधाराको प्रभाव थियो । त्यसपछि गठन भएको 'नेपाल प्रजातन्त्र सङ्घ'ले सर्वप्रथम 'लालसलाम' र 'कमरेड'जस्ता शब्दावलीको प्रयोग थालेको थियो । त्यसको परेड गीत– 'पहाड, पर्वत, खोला–नाला, जग्गा–जमिन सबको । 'अब क्रान्ति गरौँ' रहेको थियो । पुष्पलालले सर्वप्रथम सूर्यबहादुर भारद्वाजबाट गोर्कीको बहुचर्चित उपन्यास 'आमा' प्राप्त गरी पढ्नुभयो, त्यसपछि उहाँलाई क्रमिक रूपमा कम्युनिस्ट विचारले प्रभावित गरेको थियो ।

२००५ फागुनमा नेपाली राष्ट्रिय काँग्रेस (रेग्मी समूह)को राजनीतिक सम्मेलनमा नेपालको राष्ट्रिय झन्डालाई नै पार्टीको झन्डाका रूपमा झन्डोत्तोलन गर्ने निर्णय भएपछि पुष्पलाल असन्तुष्ट हुनुभयो । त्यतिखेर उहाँको विचारमा 'नेपालको झन्डा राणाहरूको झण्डा थियो ।' उहाँकै विरोधका कारण त्यसो गरिएन । तर, पुष्पलाल पार्टीबाट टाढा हुन थाल्नुभयो र तरूण नेपाल मोर्चा गठनको मनस्थितिमा पुग्नुभयो ।

त्यसैक्रममा अर्थात् २००५ को पुसमा कोलकातास्थित सुबोध मल्लिक स्क्वायरमा रहेको वालिङ्गटन पार्कमा भाकपाद्वारा आयोजित आमसभामा भाग लिन जानुभयो । त्यहीँ दार्जिर्जलिङका गणेशलाल सुब्बा र रत्नलाल ब्राह्मण (माइलाबाजे) सँग उहाँको भेट भयो । त्यसैबीचमा एक दिन उहाँको सुवर्णशमशेरसँग भेट भयो । सहिद गङ्गालालका भाइसमेत रहनुभएका युवा पुष्पलालसँग सुवर्णले उहाँलगायत चारजना नेपाली युवालाई गुरिल्ला तालिमका लागि बर्मा पठाउने गरी छानिएको जानकारी दिनुभयो ।

पुष्पलालले आफू कम्युनिस्ट रहेको, कम्युनिस्ट घोषणापत्रको नेपालीमा अनुवाद गरिसकेको तर छापिन नसकेको बताउँदै यदि कम्युनिस्ट घोषणापत्र छापिने शर्तमा भए आफू बर्मा जाने जवाफ दिनुभयो । तर, त्यसपछि सुवर्णशमशेरले पुष्पलाललाई गुरिल्ला तालिमका लागि भनेर कहिल्यै सम्पर्क गर्नुभएन । पछि उद्योगपति जुद्धबहादुर श्रेष्ठको तीन सय रूपियाँ सहयोगमा २००५ साल चैत २३ तदनुरूप ५ अप्रिलका दिन कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद छापियो । त्यसको भूमिकामा पुष्पलालले उल्लेख गर्नुभएको छ, 'यो घोषणापत्र मजदुर वर्गको सर्वप्रथम र जगत्विख्यात साहित्य हो ।

अवश्यम् पनि नेपालका राणा, राजा, जमिनदार, पुँजीपति र तिनका दलाल संस्था र सङ्गठनहरूले यसको घोर आलोचना गर्नेछन् ।' हुन त गङ्गालाल श्रेष्ठ हलुवाई २००५ सालतिरै आफूले नेपाल 'लाल कम्युनिस्ट पार्टी' गठन गरेको बताउनुहुन्थ्यो । तर, रत्नलाल ब्राह्मणले भारतीय कम्युनिस्ट नेता नृपेन्द्र चक्रवर्तीसँग भेट गराइदिएपछि नेपाल कम्युनिस्ट पार्टी स्थापनाका निम्ति पुष्पलाल बढी अग्रसर रहनुभयो । नृपेन्द्र चक्रवर्तीकै सल्लाहमा पुष्पलाल पार्टी स्थापनाका दस्तावेज तयारी गर्न जुटिरहनुभएका बखत पुष्पलालको गङ्गालाल श्रेष्ठ हलुवाई र सुन्दरराज चालिसेसँग भेट भयो ।

स्वभावका हिसाबले गङ्गागालाल श्रेष्ठ हलुवाई अलिक उग्र र व्यक्तिवादी प्रकारको हुनुहुन्थ्यो । उहाँहरूले नेपालमा कम्युनिस्ट पार्टी होइन, कोरियामा जस्तै श्रमिक पार्टी खोल्ने सुझाव मात्र दिनुभएन, जोड नै गर्नुभयो । गणेशलाल सुब्बाको पनि 'छुट्टै कम्युनिस्ट पार्टी होइन, नेपाली राष्ट्रिय काँग्रेसभित्र मजदुर–किसान सङ्गठन खोली वामपन्थी दलका रूपमा काम गर्दै जाने र उपयुक्त समयमा पार्टी गठन गर्ने' सल्लाह थियो ।

त्यसैअनुरूप पुष्पलालले डा. डिल्लीरमण रेग्मीलाई नै कम्युनिस्ट पार्टी खोल्न भनी पत्र लेख्नुभयो तर रेग्मीले अस्वीकार गरेपछि उहाँ पार्टी स्थापनाको उद्देश्यका साथ सम्भव भएसम्म धेरै व्यक्तिहरूसँग सल्लाहमा जुट्नुभयो । निरञ्जनगोविन्द वैद्यसँग पुष्पलालले गर्नुभएको सल्लाह, परामर्श र विभिन्न भेटघाट आदिको परिणाम थियो– नेपाल कम्युनिस्ट पार्टीको स्थापना । कोलकाताः नेपाली राजनीतिक दलहरूको उद्गमस्थल भारतको राजधानी त्यतिञ्जेल कोलकाता नै थियो । फलस्वरूप नेपालका व्यापारी र विद्यार्थीहरूसमेत त्यहीँ केन्द्रित हुन्थे । वास्तवमा नेपालका राजनीतिक दलहरूमध्ये राणा शाहीको दमनसँगै लुक्दै–छिप्दै र त्यसलाई छिचोल्दै नेपाली राष्ट्रिय काँग्रेस ९२००३०, नेपाल प्रजातन्त्र काँग्रेस ९२००५०, नेपाल कम्युनिस्ट पार्टी ९२००६० र नेपाली काँग्रेस ९२००६० कोलकातामै स्थापना भएका थिए । जहाँसम्म नेपाल कम्युनिस्ट पार्टी स्थापनाको सन्दर्भ हो, पुष्पलालले सक्दो भेटघाट र सरसल्लाहपछि एकदिन नृपेन्द्र चक्रवर्तीसँग केही रकम सहयोगको अनुरोध गर्नुभयो ।

जवाफमा चक्रवर्तीको भनाइ थियो, 'हेर पुष्प ! केही हजारको प्रश्न हाम्रा निम्ति कुनै ठूलो कुरा होइन । हामीले दियौं भने फिर्ता लिंदैनौं । तर, एउटा कुरा याद गर– 'यदि नेपाली जनता तिम्रो पार्टीलाई हुर्काउन र बढाउन असक्षम छन् भने कम्युनिस्ट पार्टीको गठन गर्नु निरर्थक छ ।' त्यतिखेर पुष्पलाललाई आथिर्थ समस्या रहनु स्वाभाविकै थियो । तर, नृपेन्द्र चक्रवर्तीको भनाइले उहाँ गम्भीर बन्नुभयो र घोत्लिएर सोचविचार गरी जवाफमा भन्नुभयो, 'तपाईंको कुरा मलाई अति नै घत् लाग्यो, यसले मलाई जीवनपर्यन्त निर्देश गर्नेछ ।' पुष्पलालका शब्दमा– त्यसपछि २२ अप्रिल १९४९ का दिन कोलकाताको श्यामबजार इलाकाको नवीन सरकार लेनस्थित २८ नं. घरमा एक बैठक बस्यो । त्यसमा पुष्पलाल, निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी र नरबहादुर कर्माचार्य चारजना उपस्थित थिए ।

त्यसैबीच काठमाडौंबाट दुर्गादेवी पनि आइपुगेकी हुनाले तिन (मोतीदेवी)लाई पनि संस्थापक सदस्यका रूपमा लिने भन्ने कुरा भएअनुसार पार्टीको सङ्गठन समितिमा थपियो । यस सङ्गठन समितिले पुष्पलाललाई पार्टीको महामन्त्री पदमा नियुक्ति गऱ्यो र उनलाई केन्द्रीय रूपमा सङ्गठन गर्ने अभिभारा दियो । त्यसपछि निरञ्जनगोविन्द वैद्यलाई बारा, पर्सा र रौतहटमा पार्टी सङ्गठन गर्ने जिम्मा दिइयो । कारण उनले सन् '४७ मा वीरगञ्ज इलाकामा भएको सत्याग्रहमा नेतृत्वदायी भूमिका खेलेका थिए । नारायणविलाश र दुर्गादेवीलाई काठमाडौं उपत्यकाको जिम्मा दिइयो ।

नरबहादुरलाई विराटनगर जोगबनीमा मजदुरबीच काम गर्ने जिम्मा दिइयो । पार्टी स्थापनाको दुई दिनपछि अप्रिल २४ का दिन नेपाल कम्युनिस्ट पार्टीको अपिल जारी भयो । उक्त अपिलमा भनिएको छ, " एकातिर नागरिक अधिकार लिई छाड्छौं भन्ने नारा बुलन्द गर्ने सयौं भाइहरू राणाको जेलमा सडिरहेका छन् । अर्कातिर धेरै दिनदेखि कुरेको विधान २००६ सालको सुरूमा राणा सरकारले घोषणा गऱ्यो । र, नागरिक स्वतन्त्रताको विषयमा ऐन, कानुन, नियमावली जारी भयो । यो घोषणा हाम्रा वीर सहिदहरूको स्मृतिमा ठूलो अपमान हो ।

'अतः हाम्रा प्रत्येक नरनारीले यस घोषणालाई लत्याई कोतपर्वले होइन, क्रान्तिकारी तरिकाले राणाशाहीको तख्ता उल्टाउनेछौं भन्ने प्रतिज्ञा गर्नुपरेको छ ।' कम्युनिस्ट पार्टीको विस्तार अपिल प्रकाशनपछि कोलकातामा पुष्पलालको हिक्मतसिंह भण्डारीसँग भेट भयो, उहाँ त्यहीं विद्यार्थी हुनुहुन्थ्यो । त्यसपछि हिक्मत सिंह, रामबाबु कार्की, प्रयागलाल, शम्शेर चाँद र केशरजङ्ग रायमाझी सम्मिलित 'मार्क्सवादी अध्ययन मण्डल'को गठन गरियो । त्यतिखेर बङ्गालमा कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध रहेकाले त्यसको नाम परिवर्तन गरेर 'नेपाली प्रगतिशील अध्ययन मण्डल' राखियो । त्यसले आफ्ना शाखाहरू दरभङ्गा, दार्जिर्जङि, बनारस, गोरखपुर र लखनउसम्म विस्तार गऱ्यो । त्यसैक्रममा काठमाडौंबाट गौरीभक्त प्रधान पुग्नुभयो । उहाँमार्फत नै तुलसीलाल अमात्य नेपाली काँग्रेसबाट राजीनामा दिएर कम्युनिस्ट पार्टीको सम्पर्कमा पुग्नुभएको थियो । नरबहादुर कर्माचार्यमार्फत मनमोहन अधिकारीले कोलकातामै पुगेर पुष्पलाललाई भेट्नुभयो ।

आपसी कुराकानी र सल्लाहबमोजिम उहाँ पूर्वतिरै पार्टी र मजदुरको सङ्गठन गर्ने जिम्मा लिई विराटनगरतर्फ लाग्नुभयो । पूर्वी नेपालकै डीपी अधिकारी कोलकातामा पढ्दै हुनुहुन्थ्यो । उहाँले नेपाली काँग्रेस छाडेर पार्टीसँग सम्पर्क गर्नुभयो । उहाँमार्फत पूर्वका धेरै व्यक्तिहरू पार्टीको सम्पर्कमा आए । खासगरी, नेपाली राष्ट्रिय काँग्रेसका संस्थापक डीएन प्रधान पनि कम्युनिस्ट पार्टीमा सामेल हुनुभयो । पछि उहाँकै नेतृत्व र डीपी अधिकारी मन्त्री रहेको 'गैरनेपाल शान्ति समिति' गठन भयो ।

सुदूरपश्चिमको तराई (नयाँ मुलुक) बाट बाबुकृष्ण शर्मा पार्टीको सम्पर्कमा आउनुभयो । यसरी पाँचजनाले स्थापित गरेको नेपाल कम्युनिस्ट पार्टी नेपालीहरू बसोबास गरिरहेका भारतका प्रमुख सहरका साथै पूर्व, पश्चिम र सुदूरपश्चिमसम्म विस्तार भयो । यसरी जहाँनियाँ राणाशासनको अन्त्य गर्ने एउटै उद्घोषका साथ कोलकातामा स्थापित नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टी त्यसपछि निरन्तर अघिपछि, बराबरी वा समानान्तरजस्तै खुला–भूमिगत, हिंसात्मक–अहिंसात्मक सङ्घर्षका साथ अलग–अलग र संयुक्त रूपमा समेत निरन्तर अघि बढे र परिवर्तनको प्रक्रियाका सहयात्री बने ।

२००३ साल माघ १२ र १३ गते कोलकाताको भवानीपुरस्थित खाल्सा हाइस्कुलमा सम्मेलन गरी सर्वप्रथम नेपाली राष्ट्रिय काँग्रेस स्थापना भएको थियो । उक्त सम्मेलनमा भारतीय समाजवादी नेता डा. राममनोहर लोहिया आउने तय भएकोमा बङ्गाल सरकारले धारा १४४ लागू गरेको हुँदा सम्भव भएन । तत्पश्चात् डा. डिल्लीरमण रेग्मीले झन्डोत्तोलन गरेर सम्मेलनको उद्घाटन गर्नुभएको थियो ।

विश्वेश्वरप्रसाद कोइरालाले सभापतित्व र डीएन प्रधानले स्वागत गर्नुभएको सम्मेलनबाट स्थापित नेपाली राष्ट्रिय काँग्रेसका दुईवटा उद्देश्य थिए– अहिंसात्मक साधनद्वारा जनताको सहयोगले उत्तरदायी शासनको स्थापना गर्नु र भारतीय स्वतन्त्रता सङ्ग्रामलाई पनि सहयोग गर्नु । तर, डा. रेग्मी र बीपीबीचको विवादका कारण यो पार्टी विभाजित हुनपुग्यो र दुईवटा अलग–अलग समूह बने । २००५ साउन १ गते कोलकाताको फ्रिस्कुल स्ट्रिटमा भएको भेलाको निर्णयअनुरूप ३० दिनपछि ३१ साउनका दिन नेपाल प्रजातन्त्र काँग्रेसको स्थापना भयो ।

२००५ कै पुस १७ गते टाइगर सिनेमा हलमा भएको बैठकले महेन्द्रविक्रम शाहलाई पार्टीको अध्यक्ष चयन गऱ्यो । र, माघ २ गते गुवाहिटीमा पार्टीको सम्मेलन सम्पन्न भयो । नेपाली राष्ट्रिय काँग्रेस (बीपी) र नेपाल प्रजातन्त्र काँग्रेसले २००६ साल चैत १४ गते संयुक्त वक्तव्य जारी गरे र १३ दिनपछि चैत २७ गते बिहान ९ बजे टाइगर सिनेमा हलमा बृहद् सम्मेलनको आयोजना गरे ।

चौरङ्गी स्थित महावीरशमशेरको उक्त सिनेमा हलमा भएको सम्मेलनमा करिब तीन सयजना प्रतिनिधिहरूले भाग लिए र दुई पार्टीबीच एकीकरण गरी नेपाली काँग्रेसको गठन गरे । नवगठित नेपाली काँग्रेसको सम्मेलनद्वारा पारित राजनीतिक प्रस्तावमा उल्लेख गरियो, 'अब गरिने आन्दोलन कुनै सुधारको मागका लागि नभई नेपालमा जनताको सरकार कायम गराउने उद्देश्यले गरिनेछ । गर कि मरको सिद्धान्तमा अटल रहेर श्री ५ महाराजाधिराजको वैधानिक नायकत्वमा जनताको शासन स्थापित गर्नलाई यस संस्थाद्वारा छिट्टै प्रारम्भ गरिने आन्दोलनमा भाग लिन प्रत्येक नेपालीलाई आह्वान गर्दछौं ।' यसरी नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको करिब एकवर्ष पछि कोलकातामै नेपाली काँग्रेस बनेको देखिन्छ ।

*(दैनिक नेपाल डटकमबाट)*

## सामाजिक सञ्जाल

facebook twitter



**निलाम्बर आचार्य**
हिजो नेता र जनताको एउटै संसार थियो । आज बेग्लै छ । हिजो देशको अविकासको मार समान थियो । निकास र विकासमा दुबैलाई हतार थियो । आज नेतालाई हतार छैन ।



**रमेश कुमार पौडेल**
भारतीय सैनिक टोली सगरमाथा जान भनेर के हिडेको थियो चीनले समगरमाथा छेडेर रेल नै कुदाउने कुरो पो गर्छ त बा । ढुङ्गा यसरी चलमलाउन थालेपछि तरूलको हाल के हुने हो अब ।



**नारायण अमृत**
मनाउँन बसेको साथी भन्दै छ,
'नयाँ बर्ष भनेर के खुशी हुनु खै ! घरभाडा १५ प्रतिशत, छोराको स्कूल फि २५ प्रतिशत र बजार भाउ ३५ प्रतिशत बढेको छ । खुशी साहै महङ्गो !'



**अशोक स्तम्भ**
नारी पुरूष बराबरी हुन् । कम्तिमा 'सक्षम' नारीहरूले आफूलाई पाल्ने र उच्च हैसियतको केटासँग विवाह गर्ने सपना त्याग्नुपर्छ । म पनि पाल्नसक्छु भन्ने अत्मविश्वास राख्नुपर्छ ।



**अनिल बोगटी**
अतिवादहरूले मुलुकमा शान्ति हुन नदिने भए । आफू पाएक हुँदा जयजयकार गर्ने, मन नपर्दा बस्न टिक्न नदिने बौद्धिक अतिवादले मुलुकलाई कहिल्यै हित गर्दैन ।

**नेपाल सुनचाँदी व्यवसायी संघ** शाखा कार्यालय टाँडी

हिजोको सुनचाँदी भाउ

| | प्रति तोला |
|---|---|
| सुन छापावाल | रू. ५२,३०० |
| सुन तेजाबी | रू. ५२,०५० |
| असली चाँदी | रू. ७३० |

सौजन्य :
**हरेकृष्ण हरेराम सुनचाँदी पसल**
रनपा–२, टाँडी हाइस्कूल रोड
फोन : ०५६–५६१२२०

२०७२ वैशाख १० गते (अप्रिल २३, २०१५) बिहिवारको

**नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | रु. | १६०।०० | रु. | १६०।१५ |

**खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि)**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. | १००।२२ | रु. | १००।८२ |
| युरो | १ को | रु. | १०७।८६ | रु. | १०८।५० |
| पाउण्ड स्टर्लिङ | १ को | रु. | १५०।८९ | रु. | १५१।७९ |
| स्विस फ्रैन्क | १ को | रु. | १०४।८३ | रु. | १०५।४६ |
| अष्ट्रेलियन डलर | १ को | रु. | ७८।०४ | रु. | ७८।५१ |
| क्यानाडियन डलर | १ को | रु. | ८१।८७ | रु. | ८२।३६ |
| सिंगापुर डलर | १ को | रु. | ७४।५० | रु. | ७४।९४ |
| जापानी येन | १० को | रु. | ८।३९ | रु. | ८।४४ |
| चिनियाँ युआन | १ को | रु. | १६।१८ | रु. | १६।२८ |
| साउदी अरब रियाल | १ को | रु. | २६।७२ | रु. | २६।८८ |
| कतारी रियाल | १ को | रु. | २७।५३ | रु. | २७।६९ |
| थाई भाट | १ को | रु. | ३।१० | रु. | ३।११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. | २७।२८ | रु. | २७।४५ |
| मलेशियन रिंगिट | १ को | रु. | २७।७६ | रु. | २७।९२ |
| दक्षिण कोरियन वन | १०० को | रु. | ९।३१ | रु. | ९।३६ |

**खरिद दर मात्र**

| मुद्रा | एकाइ | | खरिद दर |
|---|---|---|---|
| स्विडिस क्रोनर | १ को | रु. | ११।६० |
| डेनिस क्रोनर | १ को | रु. | १४।४५ |
| हङकङ डलर | १ को | रु. | १२।९३ |
| कुवेती दिनार | १ को | रु. | ३३१।४० |
| बहराइन दिनार | १ को | रु. | २६५।८२ |

नोट
- यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ ।
- वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
- अद्यावधिक विनिमय दर बैंकको वेबसाईट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शान्ति स्थापनाका काममा दुई अर्ब चालीस करोड रूपैयाँ

ाठमाडौँ, ९ वैशाख । नेपाल शान्ति कोष सचिवालयको १७औँ बोर्ड बैठकले शान्ति स्थापनाको रणनीतिक कार्यान्वयनमा सहयोग पुऱ्याउन रू दुई अर्ब ४० करोड बजेट अनुमोदन गरेको छ ।

सचिवालयको बुधबार बसेको बैठकले अनुमोदन गर्ने निर्णय गरेको हो । बोर्डका अध्यक्ष एवम् शान्ति तथा पुनर्निर्माणमन्त्री नरहरि आचार्यको अध्यक्षतामा बसेको बैठकले सरकार, युरोपेली युनियन र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी)को संयुक्त सहकार्यमा बन्न लागेको रणनीतिक कार्यक्रममा सहयोग गर्ने सम्झौतामा पनि आजै हस्ताक्षर भएको छ ।

शान्तिमन्त्री आचार्य र अर्थमन्त्री डा रामशरण महतको उपस्थितिमा भएको सम्झौतामा सरकारका तर्फबाट शान्ति तथा पुनःनिर्माण मन्त्रालयका सचिव खुमराज पुञ्जाली, युरोपेली सङ्घका राजदूत रेन्जे टिरिन्क, युएसएआइडीका निर्देशक बेथ डनफोर्डले संयुक्तरुपमा हस्ताक्षर गरेका हुन् ।

कार्यक्रममा मन्त्री आचार्यले सशस्त्र द्वन्द्वलाई व्यवस्थापन गर्न शान्ति तथा पुनःनिर्माण मन्त्रालय र शान्ति कोष सचिवालयमार्फत हतियार व्यवस्थापन र सेना समायोजन भइसकेको सन्दर्भमा कहिलेसम्म मन्त्रालयले गतिविधि सञ्चालन गर्ने भन्ने विषय उठ्न थालेको बताए ।

"सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगको समय २ वर्ष र १ वर्ष थपेर ३ वर्ष कायम गर्न सकिने भएकाले त्यस समयसम्म शान्ति प्रक्रियाका बाँकी सबै काम सम्पन्न गरिनुपर्छ"–सचिवालय बोर्डको अध्यक्षसमेत रहनुभएका मन्त्री आचार्यले भने – "शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याई जनजीवनलाई सामान्य अवस्थामा लैजान स्थानीय निकायको निर्वाचन अपरिहार्य भएको छ ।"

अर्थमन्त्री एवम् बोर्डका सहअध्यक्ष महतले सचिवालयबाट खर्च भएको भन्दा बढी रकम शान्ति प्रक्रियाका अन्य काममा खर्च भएको बताए । "एक साताअगाडि मात्र रू एक अर्ब २५ करोड शान्ति प्रक्रियाका लागि सरकारी कोषबाटै खर्च भएको छ, सचिवालयले खर्च गरेको रकम मात्र शान्ति प्रक्रियाका लागि खर्च भएको हो भनी बुझ्न हुँदैन"–उनले भने ।

मन्त्रालयका सचिव एवम् बोर्डका सदस्यसचिव पुञ्जालीले चार चरणमा गरी शान्ति स्थापनाका कार्यक्रम २०७४ असार मसान्तसम्म सम्पन्न गरिने लक्ष्य राखिएको जानकारी दिए ।

कोषका निर्देशक मुकुन्दप्रसाद पौडेलले सरकार र दाता दुवैबाट शान्ति स्थापनाको कार्यमा रकम वृद्धि गरिने अपेक्षा गरिएको बताए ।

सशस्त्र द्वन्द्वका क्रममा आठ हजार ९१६ वटा भौतिक संरचना भत्काइएकामा तीन हजार ३०६ वटा संरचननाको पुनःनिर्माण भएको, केही पुनःनिर्माण हुँदै र केहीको पुनःनिर्माणको कार्यक्रम बन्न लागेको सो अवसरमा जानकारी गराइएको थियो । रासस

# पानी प्रशोधन प्रविधिमा नेपाली वैज्ञानिकसहितको टोली छनौट

काठमाडौँ, ९ वैशाख । लवणयुक्त नुनीलो पानीलाई पिउन र सिँचाइका लागि योग्य बनाउने आधुनिक प्रविधिको विकासमा विश्वका ७० टिममध्ये नेपाली वैज्ञानिक एमपी भट्टसहितको 'ग्रीनडिजल' नामक टोली अन्तिम पाँचमा छनौट हुन सफल भएको छ ।

विश्वको खाद्य सङ्कट र पानीको समस्या समाधानका लागि संयुक्त राज्य अमेरिका, स्वीडेन र नेदरल्यान्डको संयुक्त तत्वावधानमा सन् २०१३ मा विश्वभरबाट पानी प्रशोधन आधुनिक प्रविधिको विकासका लागि आह्वान गरिएको प्रस्तावका आधारमा विश्वभरबाट ७० समूहले प्रस्ताव दर्ता गराएका थिए ।

नेपालीसहित अमेरिका, जोर्डन, इजरायल र ब्राजिलका पाँच वैज्ञानिक संलग्न 'ग्रीनडिजल' टोली इन्धनको कम खपत, वैकल्पिक ऊर्जाको प्रयोगका साथै वातावरणीय सन्तुलन र कम खर्चिलो पानी प्रशोधन गर्ने प्रविधिका आधारमा अन्तिम पाँचमा पर्न सफल भएको डा. भट्टले जानकारी गराए ।

उत्कृष्ट प्रविधिलाई डिसेलिनेसन पुरस्कारस्वरूप रू चार करोड प्रदान गरिने योजनाका साथ ल्याइएको घोषणाअनुसार 'ग्रीनडिजल' ले पिउन योग्य र सिँचाइका लागि आवश्यक पानी प्रशोधन गर्न वैकल्पिक ऊर्जाको प्रयोग र वातावरणीय सन्तुलन विधिका कारण उत्कृष्ट हुने टिममा संलग्न डा भट्टले विश्वास व्यक्त गरे ।

यस अन्तर्राष्ट्रिय डिसेलिनेसन प्रविधि निर्माण प्रतिष्पर्धामा सो टोली सौर्य तथा वायुऊर्जाको प्रयोग र वातावरणमैत्री भएकै कारण गत चैत २६ देखि २८ गतेसम्म अमेरिकामा भएको प्रतिष्पर्धामा उत्कृष्ट पाँचभित्र पर्न सफल भएको थियो । पाँच टोलीमध्ये सर्वोत्कृष्ट टोलीको आजसम्ममा टुङ्गो लाग्नेछ ।

'ग्रीनडिजल'ले प्रस्ताव गरेको प्रविधिबाट सजिलैसँग जिवाणु, विषादीजन्य रसायन पदार्थ (पेस्टीसाइड), लवणहरू र आर्सनिकलगायत अरू धातुसमेत हटाउन सकिन्छ । यो प्रविधिबाट विश्वको खाद्य सङ्कट र पानीको समस्या समाधानमा कोसेढुङ्गा सावित हुने डा भट्टको विश्वास छ ।

दुई दशकभन्दा बढी समयदेखि अनुसन्धानमा संलग्न डा भट्टले जापानको नागोया विश्वविद्यालयबाट एमएस र संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ न्यूह्याम्पसायरबाट प्राकृतिक सम्पदा र वातावरणीय व्यवस्थापन विषयमा विद्यावारिधि गरेका छन् ।

हाल विश्वको करिब १७ प्रतिशत जनसङ्ख्या उचित पोषणयुक्त खानेपानीबाट वञ्चित छन् । जलवायु परिवर्तनले समुद्र र जमिनमुनिको पानी आपसमा मिसिदा बढ्दो जनसङ्ख्याको लागि स्वच्छ पिउने पानी र सिँचाइ योग्य पानीका लागि दिनहुँ चुनौती थपिँदै गएका छन् । आगामी १५ वर्षभित्रमा विश्वको झण्डै ७० प्रतिशत जनसङ्ख्या पानीको जटिल समस्याबाट प्रभावित हुने अनुमान गरिएको छ । रासस

# अन्तर्राष्ट्रिय समाचार

## साउदी अरेबियाद्वारा यमनमा मिसन अन्त्यको घोषणा

रियाद, ९ वैशाख । साउदी अरेबियाले गएको करिब चार हप्तादेखि निरन्तर रूपमा यमनमा गरिरहेको हमलाको अन्त्यको घोषणा गरेको समाचार छ । साउदी अरेबियाले गत चारहप्तादेखि यमनमा हवाई आक्रमण जारी राखेको थियो । यमनमा इरानको समर्थनका हुथी विद्रोहीहरूको विद्रोहले चरम रूप लिएपछि यमनमा साउदी अरेबियाको नेतृत्वमा रहेको सेनाले हवाई कारबाही थालेको थियो ।

हुथी विद्रोहीहरूले यमनमा हमला गरी यमनी राष्ट्रपतिलाई नै देश छोडेर सुरक्षार्थ भाग्नुपर्ने अवस्था आएपछि साउदी अरेबियाको सेनाले सो हमला गरेको थियो । हाल यमनी राष्ट्रपति भागेर साउदी अरेबियामा शरण लिइरहेका छन् । उनले नै हुथीहरूविरूद्धको कारबाहीका लागि अरेबियालाई अनुरोध गरेका थिए ।

सोही आग्रहमा सुरू भएको सो कारबाहीमा अन्य खाडी राष्ट्रहरूले पनि समर्थन गरेका छन् । कतिपय खाडी राष्ट्रले सो कारबाहीका लागि सेना पनि पठाएका थिए । साउदी अरेबियाले मङ्गलबार सो मिसनको अन्त्यको घोषणा गरेको हो । उसले यमनमा रहेका हुथी विद्रोहीहरू हालका लागि निर्मूल पारेको दाबी गरेको छ ।

उता संयुक्त राज्य अमेरिकाले यस कार्यको स्वागत गरेको छ । अमेरिकाले सो कार्यको स्वागत गर्दै उक्त समस्याको दिगो समाधानका लागि वार्ताको आह्वान पनि गरेको छ । साउदी अरेबियाको रियादमा रहेका यमनी राष्ट्रपति अबेद्रब्बु मन्सुर हादीले सो कदमलाई आफ्नो जितका रूपमा लिएका पनि समाचारमा जनाइएको छ ।

उक्त कदमका बारेमा बुधबार प्रशारण गरिएको टेलिभिजन भाषणमा उनले भने– "यो हाम्रो जित हो र हामी अब छिट्टै आफ्नै देश फर्किँदैछौं ।" अरब राष्ट्रहरूका सुन्नी मुसलमानहरूको सामुहिक संस्थाले यमनमा सो हवाई कारबाहीको सुरूवात गरेको थियो । सुन्नीहरूले सिया मुस्लिमहरूको ज्यादतीका विरूद्धमा भन्दै उनीहरूले सो कारबाही थालिएको बताएका छन् ।

हादीको शासन सत्ताको पुनःस्थापनाका लागि सो हवाई कारबाही गरिएको उनीहरको दाबी छ । अब यमनमा त्यस्तो खतरापूर्ण अवस्था नरहेकाले आगामी केही दिनमा नै हादी स्वदेश फर्किने उनीहरूको भनाइ छ । ती हवाई कारबाहीले यमनी राजधानी साना आफ्नो पक्षमा ल्याउने कामका लागि कयौं मिसाइल हमला गरेको थियो ।

साउदी नेतृत्वको सेनाले सो कारबाहीका क्रममा कम्तीमा पनि दुई हजार पटकसम्म विभिन्न शक्तिशाली मिसाइल र अन्य आक्रमणहरू गरेको जानकारी दिएको छ । त्यस्तै विश्व स्वास्थ्य सङ्गठनले दिएको जानकारीअनुसार सो कारबाहीमा परी करिब ९४४ जना व्यक्तिको ज्यान गएको छ । साथै सो कारबाहीका कारण करिब तीन हजार ५०० नागरिक घाइते भएका छन् ।

विशेषतः राष्ट्रपति हादीको कार्यालयलाई लक्ष्य गरी गरिएको हमलामा भएको भौतिक क्षतिको बारेमा भने केही दिइएको छैन । साथै सो कारबाहीमा परी के कति हुथी विद्रोही मारिए र सर्वसाधारण कति परे भन्ने बारेमा पनि केही नबताइएको समाचारमा जनाइएको छ । रासस/एएफपी

# नवलपरासीमा एक वर्षमा ३५५ महिला हिंसाका घटना

सञ्चारपत्र सम्वाददाता
नवलपरासी, ९ वैशाख

नवलपरासीमा प्रहरीले घरेलु हिंसाविरूद्ध जनचेतना अभियान थालेको छ । जिल्लामा बढ्दै गएको महिला हिंसा न्यूनीकरणका लागि प्रहरीले यस्तो अभियान चलाएको हो । प्रहरीले विभिन्न गाउँमा त्यहाँका समुदायसँग छलफल गरेर महिला हिंसाविरूद्ध जनचेतना अभियान चलाएको प्रहरी उपरीक्षक नलप्रसाद उपाध्यायले बताए ।

प्रहरीले महिला हिंसा रोक्न पैरवीसमेत गर्दै आएको पछिल्लो समय नवलपरासीमा भएका अधिकांश महिला हिंसा घरभित्रै हुने गरेको तथ्याङ्कले देखाएको छ । जिल्ला प्रहरी कार्यालय नवलपरासीमा पछिल्लो आठ महिनाको अवधिमा दर्ता भएका महिला हिंसा सम्बन्धी उजुरीमा अधिकांश उजुरी घरेलु हिंसासम्बन्धी रहेको प्रहरीले जनाएको छ ।

कार्यालयका अनुसार यस आर्थिक वर्षको पछिल्लो एक वर्षमा मात्रै कार्यालयमा तीन सय ५५ महिला हिंसासम्बन्धी उजुरी दर्ता भएका छन् । जसमध्ये दुई सय ४८ उजुरी घरेलु हिंसासम्बन्धी रहेको छ । कार्यालयमा आउने मुद्दामा दाइजो, कुटपिटमा परेको, खान नदिएको, बहुविवाह गरेको लगायतका हिंसा बढी रहेको प्रहरी उपरीक्षक उपाध्यायले बताए ।

जिल्लामा विभिन्न सरोकारवाला निकायहरूसँग हातेमाले गर्दै प्रहरी यतिबेला महिला हिंसाविरूद्धको अभियानमा लागी परेको हो । प्रहरीले पछिल्लो समयमा महिला हिंसा गर्ने दोषीलाई कानुनी दायरामा ल्याउने कामसमेत अघि बढाएको प्रहरी उपरीक्षक उपाध्यायको भनाइ छ ।

'प्रहरीले चलाएको यो महिला हिंसाविरूद्धको अभियान आफैंमा सकारात्मक कार्य हो तसर्थ यो अभियान सफल बनाउन हामी सबैले आफ्नो घर समाजमा हुने महिला हिंसाका घटना रोक्न आवश्यक देखिन्छ', प्रहरी उपरीक्षक उपाध्यायले बताए ।

# भारतीय...

भारतीय तीर्थयात्री बोकेको जिजेड १४ एक्स १९०० नम्बरको दुईतले बस नौबिसे गाविस वडा–८ झ्याप्ले खोलास्थित सडकबाट करिब ३०० मिटर तल भिरमा खसेको हो । एक सवारी साधनलाई उछिनेर अर्को मोटरसाइकललाई ठाउँ दिन खोज्दा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

पशुपतिनाथको दर्शन गरेर भारतको गोरखपुरका लागि छुटेको सो बसमा ४५ तीर्थालु रहेको बताइएको छ । घाइतेहरुको काठमाडौँस्थित शिक्षण अस्पताल र नर्भिक अस्पतालमा उपचार भइरहेको छ ।

घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयबासी उद्धार कार्यमा जुटेका थिए । सशस्त्र प्रहरीको विशेष तालिम प्राप्त उद्धारकर्तासमेत उद्धारमा सहभागी भएको दुर्घटनास्थलमा खटिएका सशस्त्र प्रहरी बल नीलबाराही गण काठमाडौँका कालीदास भौवुजीले बताए । रासस

# किमाथाङ्का अरूण र तल्लो अरूणको अध्ययन गरिँदै

काठमाडौँ, ९ वैशाख । सरकारले किमाथाङ्का अरूण र तल्लो अरूण जलविद्युत् आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन प्रारम्भ गर्ने भएको छ ।

आगामी आर्थिक वर्षमा ती आयोजनाको काम थाल्ने ऊर्जा मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले हालै व्यवस्थापिका–संसद्अन्तर्गतको कृषि तथा जलस्रोत समितिमा प्रस्तुत गरेको योजनाअनुसार चालु आर्थिक वर्षमा नै अध्ययन सुरू गरिएको १८४ मेगावाट कर्णाली–१ जलविद्युत् आयोजना र ३०० मेगावाट क्षमताको सङ्खुवासभाको अरूण–४ जलविद्युत् आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययनलाई निरन्तरता दिइनेछ ।

त्यसैगरी, माथिल्लो झिमरूक जलाशययुक्त जलविद्युत् आयोजना, नौमुरे जलविद्युत् आयोजना, कर्णाली चिसापानी जलविद्युत् आयोजनालगायत अन्य साना तथा मझौला आयोजनाको अध्ययनलाई पनि निरन्तरता दिइनेछ ।

उक्त मन्त्रालयका अनुसार उत्तरगङ्गा, आँधीखोला, तमोर तथा दूधकोसी जलाशययुक्त जलविद्युत् आयोजना तथा माथिल्लो अरूण, माथिल्लो भेरी र चैनपुर सेती जलविद्युत् आयोजनाको अध्ययनलाई पनि निरन्तरता दिइनेछ ।

आगामी आर्थिक वर्षभित्रै चमेलिया जलविद्युत् आयोजना र कुलेखानी–३ जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरिनेछ । माथिल्लो तामाकोसी, त्रिशूली ३ ए, राहुघाटको निर्माण कार्यलाई तीव्रगतिमा अघि बढाइनेछ ।

मन्त्रालयका अनुसार बूढीगङ्गा जलविद्युत् आयोजनाको विस्तृत इन्जिनियरिङ तथा वातावरणीय अध्ययन सुरू गर्ने तथा पूर्वाधार तयारको काम चालु राखिनेछ । बूढीगण्डकी तथा नलसिंहगाड जलविद्युत् आयोजनाको निर्माण सुरू गर्न आवश्यक सम्पूर्ण पूर्वाधार तयारीको काम पनि सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य मन्त्रालयले निर्धारण गरेको छ ।

प्रसारण लाइन तथा वितरणका निम्ति १३२ किलोभोल्ट तथा अन्य प्रसारण लाइन आयोजनाअन्तर्गत चालु आर्थिक वर्षमा ४७ वटा आयोजना सञ्चालनमा रहेकामा आगामी आर्थिक वर्षमा १० वटा थप आयोजनाको निर्माण सुरू गरिनेछ । त्यस्तै, ३३ किलोभोल्ट तथा सबस्टेसन आयोजनाअन्तर्गत ८२ वटा आयोजना रहेकामा चालु आर्थिक वर्षमा थप सात आयोजनाको निर्माण सुरू गरिनेछ । रासस

# भारतमा बेचिएकी किशोरीको पाँच महिनापछि उद्धार

अर्घाखाँची, ९ वैशाख । झण्डै पाँच महिनाअघि भारतमा बेचिएकी एक किशोरीको उद्धार गरिएको छ ।

अर्घाखाँचीको धारापानी–६ की १४ वर्षीया किशोरीलाई कपिलवस्तुको कृष्णनगरस्थित शान्ति पुनःस्थापना गृहले भारतबाट उद्धार गरेर अर्घाखाँची ल्याएको हो ।

गत २०७१ मङ्सिर ८ गते गाँउकै ठूलो दिदी पर्नेले मासिक रू १२ हजारको जागिर लगाइदिने भन्दै ललाइफकाइ ठाडा–५ का सुनिल नेपाली र उनकी श्रीमती अस्मीता नेपालीसँग भारत पठाएकी थिइन् । सुनिलले किशोरीलाई आफ्नो बहिनी भएको बहाना बनाएर नेपालगन्जबाट भारतको हिमाञ्चल प्रदेश लगेर बेचेका थिए ।

किशोरीले आफूलाई घरेलु कामदारका रुपमा काम लगाइएको र सुनिलले पनि पटकपटक यौन दुर्व्यवहारको प्रयास गरेको बताइन् । किशोरीलाई भारतको हिमाञ्चल प्रदेशको किन्नुर जिल्लाबाट उद्धार गरिएको हो ।

यसैबीच, पीडित किशोरीका बुबाले आफ्नी छोरी बेच्नेविरूद्ध बुधबार जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिने र जाहेरीका आधारमा कानुनी प्रक्रिया अगाडि बढ्ने बताइएको छ । रासस


## कर्मचारी चाहियो या जागिर?

### तु–आवश्यकता

| | |
|---|---|
| रिसेप्सनिष्ट | : ५ जना |
| एकाउण्टेण्ट | : २ जना |
| मार्केटिङ | : ५ जना |
| सेल्सम्यान | : ५/५ जना केटा/केटी |
| कुक | : ५ जना |
| वेटर | : १० जना |
| म्यानेजर | : ३ जना |
| कम्प्युटर अपरेटर | : ३ जना |
| ड्राईभर | : ३ जना |
| प्लम्बर | : ४ जना |
| वायरिङ् म्यान | : २ जना |
| फ्लेक्स डिजाईनर | : ३ जना |
| स्टोर किपर | : ४ जना |

हामी दिन्छौं तपाईहरुलाई योग्यता अनुसारको काम र कर्मचारी ।

**Easy Job Link and Tution Centre**
Bharatpur-10, Chitwan
(Near Maiya Devi Kanya College)
Tel. 056-526428, Cell. 9845652393

## ई. टी. आई.का सेवाहरू

- नर्सिङ लाइसेन्सिङ तयारी ।
- B.Sc Ag- VET क्लास कोर्ष ।
- प्रि - मेडिकल, प्रि इन्जिनियरीङ ।
- IELTS-TOEFL
- लोक सेवा, शिक्षक सेवा तयारी ।
- जापानिज, कोरीयन भाषा तयारी ।

सम्पर्कः
**एभरेष्ट टच इन्स्टिच्युट (ETI)**
एभरेष्ट प्लाजा, CMC हस्पिटल अगाडि
फोन : ०५६- ५३१८०९, ९८४५०२३०६१

अब विदेशमा DHLबाट सस्तोमा पार्सल कुरियर गर्नु परेमा हामीलाई सम्झनु होला।



शंकरसिंह गुरुङ्ग
फोन: ०५६-५२४८९१
९८४६३५०५८७, ९८०९१२५४३५

**साझा कुरियर प्रा. लि.**
शहीदचोक, नारायणगढ (Rising Bank सँगै रुवी गेष्ट हाउस भित्र)
DHL EXPRESS | aramex delivery unlimited
अब स्वदेश तथा विदेशका लागि चिठ्ठी, पार्सल, औषधी छिटो भन्दा छिटो पठाउनु परेमा सिधै अफिसमा आएर बुक गरेमा सस्तोमा पठाईन्छ।
FedEx | SKYNET | OVERNITE EXPRESS | UNITED Air Express | TNT EXPRESS
आइतवार देखि शुक्रबार : बिहान ९ बजे देखि बेलुका ७ बजे सम्म (शनिबार अफिस बन्द हुनेछ)

## CHOICE Management Group — फरकपनको अनुभूति होटल गंगोत्री

च्वाइस म्यानेजमेन्ट ग्रुपद्वारा नयाँ व्यवस्थापनमा सञ्चालित नारायणगढ पुल्चोकमा रहेको होटल गंगोत्रीका सेवाहरुः

- विवाह, ब्रतबन्ध, पास्नी, बर्थ डे, गुफा राख्नका लागि पूजा मण्डप उपलब्ध ।
- विभिन्न संघसंस्थाका तालिम तथा कार्यक्रमका लागि A/C सहितको सभा र सेमिनार हल
- विविध सांस्कृतिक कार्यक्रम, च्यारेटी शो, नाटक प्रदर्शन बहुउद्देश्यीय ब्याम्बो हल ।
- A/C सहितको आरामदायी कोठाहरू ।
- जुनसुकै परिकारका स्वादिलो एवं स्वस्थ खानाका लागि ओपन किचन सहितको सुविधा सम्पन्न रेस्टुरेन्ट र बार ।
- देवघाट, मौलाकालिका मन्दिर, सौराहालगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको अवलोकनका लागि प्याकेज कार्यक्रम ।
- स्कुल, कलेज, सहकारी तथा विभिन्न संघ संस्थाहरूबाट चितवन घुम्न आउनेहरूलाई विशेष छुटसहितको खान र बस्नको सुविधा ।

GANGOTRI — WE CARE ABOUT YOU
सम्पर्कः
**होटल गंगोत्री प्रा. लि.**
पुलचोक, नारायणगढ, चितवन, नेपाल
फोन : ०५६–५२५७४६, ५२४६२६, मो. ९८४५०५३९३३
Email : hotelgangotri1999@gmail.com, Website : www.hotelgangotri.com

## एस.वि. ढुवानी सेवा

भरतपुर–११, पोखरीचोक
**हाम्रा सेवाहरूः**- हामीकहाँ पूर्वको इट्टा, ढुङ्गा, गिट्टी, मनहरीको बालुवा, ढुङ्गा, क्रसर गिट्टी, चितवनको इट्टा तथा निर्माण सामग्री सुपथ मूल्यमा पाइन्छ ।

सम्पर्कः
**प्रो.अपिल बराल**
९८४५६५२३९३/९८०७१६४०७६

## शिक्षक आवश्यकता

तीन कन्या निम्न माध्यमिक विद्यालय अर्खला, चुलीबोझा नवलपरासीको शिक्षक छनोट समितिको मिति २०७२/१/७ गतेको निर्णय अनुसार प्रा.वि. तृतिय तहको करार शिक्षक आवश्यकता परेकोले आफुले प्राप्त गरेको प्रमाण पत्रहरूको प्रतिलिपीका साथै तपशिलमा उल्लेखित योग्यता पुगेका १८ वर्ष पुरा गरी ४० बर्ष ननाघेका नेपाली नागरिकहरूबाट आवश्यक कागजात र हालसालै खिचेको २ प्रति पासपोर्ट साईज फोटो सहित दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**
**विज्ञापन नं.** १
**पद** : प्रा.वि. तृतीय करार
**सख्या** : १ (एक)
**तलब स्केल** : नेपाल सरकारको नियमअनुसार
**शैक्षिक योग्यता** : आई एड उत्तिण वा सो सरह उत्रिण
**नियुक्तीको प्रकार** : करार
**आवश्यक कागजातहरू** :
शौक्षिक प्रमाण पत्र प्रतिलिपी
प्रा.वि.स्तरको स्थायी अध्यापन अनुमति पत्र
अनुभव भए सो को प्रमाण पत्र प्रतिलिपी
नेपाली नागरिकताको प्रतिलिपी
**परिक्षा दस्तुर** : रू ५००।– ( पाँच सय )
**दरखास्त दिने मिति** : २०७२/०१/२३ गते सम्म कार्यलय समय भित्र
**परिक्षा किसिम** : लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन
**सम्पर्क मिति** : २०७२/१/२४ गते कार्यलय समय भित्र
**नोट** :-
- शिक्षक सेवा आयोगको करार योग्यताक्रम सूचिमा परेका उम्मेदवारले सोको प्रमाण पत्र लिई आएमा पहिलो प्रथामिकता दिइनेछ ।
- समय पश्चात वा रित नपुगेको निवेदन दर्ता गरिने छैन ।

**अन्य जानकारीका लागी** : ९८४११४६५६५,९८४७०५६६३१

**तीन कन्या निम्न माध्यमिक विद्यालय**
अर्खला, चुलीबोझा नवलपरासी

## Study in Australia

Sydney / Melbourne / Brisbane / Adelaide / Perth
www.facebook.com/matesedu
under streamlined visa process

| | | | | | |
|---|---|---|---|---|---|
| ACTB. Australian College of Technology & Business P/L | altec AUSTRALIAN LEARNING, TRAINING & EDUCATION CENTRE | APS institute | SkillsTech AUSTRALIA | Strathfield College | QUEENSFORD COLLEGE |
| CRICOS Provider Code: 03164M | CRICOS Provider Code: 02926D | CRICOS Provider Code 03255G | CRICOS Provider Code: 02014M | CRICOS Provider Code: 02736K | CRICOS Provider Code: 03010G |

**Courses:** Accounting, Business, Management, Hospitality, Cookery, Information Technology.
**Eligibility:** 10+2 (50 %) / IELTS 5.5

**Mate's education**
056-571182 / 572183
Sahid Chowk, Narayangarh, Chitwan
Head Office: 01-4233565 / 4233566, KTM

BS MATE'S
Suite 5.03, Level 5, 190 Edward St.
Brisbane QLD 4000
T: +61-7-3012 9202
E: binfo@bsmates.com.au
W: www.bsmates.com.au

# शान्ति समितिको संयोजकमा अविनाश



शान्ति समितिका संयोजक घनश्याम दाहाल 'अविनाश'लाई बधाई ज्ञापन गर्दै समितिका पूर्व संयोजक जितनारायण श्रेष्ठ(बायाँ) र निवर्तमान संयोजक तेजेन्द्र बहादुर खड्का(दायाँ) । *तस्बिरः सञ्चारपत्र*

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ९ वैशाख

स्थानीय शान्ति समिति चितवनको संयोजकमा एमाओवादीका नेता घनश्याम दाहाल 'अविनाश'ले जिम्मेवारी पाएका छन् । समितिको बुधबार सम्पन्न वैठकले दाहाललाई संयोजकमा चयन गरेको हो । समितिमा संयोजकको पदावधि छ महिना रहने व्यवस्था छ । यसअघि समितिको संयोजकमा एमालेबाट शान्ति समितिमा प्रतिनिधित्व गरेका तेजेन्द्रबहादुर खड्का थिए । वैठकमा खड्काले एमाओवादीका दाहाललाई संयोजकको पद हस्तान्तरण गरे ।

शान्ति समितिमा दाहाल ११ औँ संयोजक हुन् । यसअघि एमाओवादीका मधुसुधन सापकोटा, एमालेका कृष्णभक्त पोखरेल, नेकपा–माओवादीका भूमिश्वर कँडेल, नेपाली काँग्रेसका देवेन्द्र गुरूङ, मालेका तबहादुर विक, राष्ट्रिय जनमोर्चाका पुष्पकमल सुवेदी, राप्रपा नेपालका बद्रि तिमल्सिना, राप्रपाका विष्णु वाग्ले, नेपाली काँग्रेसका जितनारायण श्रेष्ठ र एमालेका तेजेन्द्रबहादुर खड्काले क्रमशः संयोजकको नेतृत्व सम्हालिसकेका छन् ।

वैठकमा पदभार ग्रहण गर्दै संयोजक दाहालले शान्ति समितिको सान्दर्भिकता र आवश्यकता अनुसार थप भूमिकासहित यसको गतिविधि बढाइने बताए । शान्ति समितिलाई अझै क्रियाशिल र थप भूमिका प्रदान गरेर द्वन्द्व समाधानको बाटो पहिल्याउनुपर्ने पनि दाहालको भनाइ थियो । विगतका कामलाई निरन्तरता दिँदै सबैको सल्लाह अनुसार शान्ति समितिलाई थप सक्रिय बनाइने वैठकमा संयोजक दाहालले प्रतिबद्धता व्यक्त गरे । दाहालको सफल कार्यकालका लागि वैठकमा शान्ति समितिका पदाधिकारीहरूले शुभकामना व्यक्त गरेका थिए ।

यसरी शुभकामना दिनेहरूमा पूर्व संयोजकहरू तेजेन्द्रबहादुर खड्का, जितनारायण श्रेष्ठ, बद्रि तिमल्सिना, विष्णु वाग्ले, पुष्पकमल सुवेदी र भूमिश्वर कँडेल थिए । यसैगरी शान्ति समितिका सदस्यहरू भिमबहादुर कार्की, बालकृष्ण पौडेल, मुकुन्दराज दहाल, राजेन्द्र पौडेल, रूक्मिणी पौडेल, माया नेपाली लगायतले पनि दाहाललाई शुभकामना व्यक्त गर्दै शान्ति समितिको आगामी भूमिकाका विषयमा आ–आफ्ना धारणा राखेका थिए ।

यसैबीच शान्ति तथा पुनर्निर्माण मन्त्रालयले चितवनसहितका पाँचवटा जिल्लाका शान्ति समितिलाई उत्कृष्ट जिल्लाका रूपमा मूल्याँकन गरेको छ । शान्ति समितिले विगतमा गरेका गतिविधि र सक्रियताका आधारमा चितवनसहितका पाँच जिल्लालाई उत्कृष्ट जिल्लाका रूपमा घोषणा गरिएको निवर्तमान संयोजक तेजेन्द्रबहादुर खड्काले जानकारी दिए । मन्त्रालयले चितवनसहित सुनसरी, गोरखा, सुर्खेत, कञ्चनपुरलाई उत्कृष्ट जिल्ला घोषणा गरेको हो । उत्कृष्ट जिल्ला भएवापत मन्त्रालयले थप एक लाख रूपैयाँको कार्यक्रम गर्न जिल्लालाई स्वीकृति दिएको पूर्व संयोजक जितनारायण श्रेष्ठले बताए । श्रेष्ठ र खड्काले शान्ति समितिको संयोजन गरेको अवधिलाई आधार मानेर मन्त्रालयले जिल्लालाई उत्कृष्ट मूल्याँकन गरेको हो ।

**सञ्चारपत्र दैनिक** प्राप्त नभएमा अथवा
सञ्चारपत्र दैनिकमा विज्ञापन दिनु परेमा
०५६-५२७१२७/ ०५६-५३३१६५

# 'फोहोरको व्यवस्थापन नगरे कारबाही'

**सञ्चारपत्र सम्वादाता**
चित्रवन, ९ वैशाख

पश्चिम चितवनको चित्रवन नगरपालिकाको गाजीपुरमा झिँगा र दुर्गन्धले जनजीवन प्रभावित भएको गुनासो आएपछि चितवनको सरकारी निकायले बुधबार सो क्षेत्रको अनुगमन गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला पशुसेवा कार्यालय र चित्रवन नगरपालिकाको टोलीले सो क्षेत्रको स्थलगत निरीक्षण गरी वडा नं १० मा रहेको अविनाश पोल्ट्री फर्मका कारण दुर्गन्ध फैलिएको ठहर गरेको छ ।

झन्डै चार वर्षअघि चित्रवन नगरपालिकाको वडा नम्बर १० मा सो फर्म स्थापना भएको थियो । फर्मबाट निस्कने कुखुराको सुलीका कारण झिँगा र दुर्गन्ध फैलिएको स्थानीयको गुनासो छ ।

अनुगमन टोलीले जनस्वास्थ्यमा प्रत्यक्ष असर गरेको हुनाले त्यसको नियन्त्रणका लागि सञ्चालकलाई सचेत गराएका छन् । विकासको नाममा जनताको स्वास्थ्यमा प्रत्यक्ष असर गर्ने काम गर्न नपाइने बताए ।

अविनाश पोल्ट्री फर्मका कारण मानव स्वास्थ्यमा असर गरेको भन्दै चितवनका सहायक प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले तत्काल यसको व्यवस्थापन नगरे कानुनी कारबाही गर्ने चेतावनी दिएका छन् ।

स्थानीय सोमबहादुर तामाङले पोल्ट्री फर्मका कारण आफूहरूको दैनिकी कठिन भएको तथा बालबालिकाहरू बढी जोखिममा रहेको गुनासो गरे ।

चित्रवन नगरपालिकाका कार्यकारी अधिकृत रामचन्द्र अर्यालले अविनाश फर्मका प्रबन्ध निर्देशक राजन पियालाई तत्काल दुर्गन्ध नियन्त्रणका लागि व्यवस्थापन गर्न आग्रह गरे ।

सोक्रममा फर्मका प्रबन्ध निर्देशक पियाले प्रदूषण नियन्त्रणका लागि उपकरण झिकाइएको जानकारी दिए । सो फर्म पोल्ट्री महासंघका अध्यक्ष गुणचन्द्र विष्टको नेतृत्वको समूहको हो । फर्ममा एक लाख लेयर्स कुखुरा पालिएको छ ।

# चित्रवन नगरपालिकाको भवन शिलान्यास

चितवन, ९ वैशाख । चित्रवन नगरपालिकाले निर्माण गर्न लागेको कार्यालय भवनको बुधबार सभासद् रामकृष्ण घिमिरेले शिलान्यास गरेका छन् ।

सो अवसरमा उनले नगरपालिकालाई नमुना बनाउन आग्रह गरे । कार्यक्रममा कार्यकारी अधिकृत रामचन्द्र अर्यालले भवनको पहिलो तल्ला यही असार मसान्तभित्र सम्पन्न गर्नेगरी मूल्य अभिवृद्धिकरबाहेक ७६ लाख रूपैयाँमा केबिसी र विश्वास कन्स्ट्रक्सनले ठेक्का पाएको बताए ।

भवनको पहिलो तल्लामा आठवटा कोठा रहनेछन् । चारतले भवन सम्पन्न गर्न बहुवर्षीय ठेक्का स्वीकृतिका लागि मन्त्रालयसँग माग गरिएको उनले सो अवसरमा जानकारी दिए । भवन सम्पन्न गर्न पाँच करोड ६४ लाख ३१ हजार १०४ रूपैयाँ लाग्ने अनुमान नगरपालिकाको छ । नगरपालिकाको आठ नम्बर वडाको नयाँ बजारमा रहेको सार्वजनिक जग्गामा भवनको शिलान्यास गरिएको हो । सो नगरपालिकाले फोहरमैला व्यवस्थापन, फूलैफूलको नगरपालिका, हरियो नगरपालिका र सफा नगरपालिका भन्ने अभियानका साथ काम गरिरहेको जनाएको छ । पश्चिम चितवनमा २०७१ वैशाख २५ गते सो नगरपालिका घोषणा भएको हो । रासस

# 'छोरी' को नाममा १० लाखको अक्षयकोष



**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ९ वैशाख

आफ्नी छोरी प्रकृति रेग्मीको १८ औं जन्मोत्सवमा अवसरमा बेल्जियममा रहेका नेपाली कृष्णप्रसाद रेग्मीले १० लाख रूपैयाँको 'छोरी' अक्षयकोष स्थापना गरेका छन् । अक्षयकोषलाई एक करोड रूपैयाँसम्म पुऱ्याइने र यसबाट चितवनका पहाडी गाविसका 'छोरी'हरूको शिक्षा र स्वास्थ्यमा रकम खर्च गरिने रेग्मीको योजना छ ।

कविलास, काउले, कोराक, चण्डीभञ्ज्याङ, दाहाखानी र सिद्धिका किशोरीहरूको शिक्षा र स्वास्थ्यका लागि स्थापना गरिएको यो अक्षयकोषले 'छोरी'हरूलाई वृत्तिविकास र स्वालम्वन बनाउन मद्दत पुऱ्याउने रेग्मीले बताए ।

'सामान्यतया युरोपमा छोरा छोरी १८ वर्ष पुगेपछि वालिग र स्वतन्त्र हुन्छन् । यसैले उनीहरूको नाममा केही सामाजिक अभियान सञ्चालन गर्ने उद्देश्यले यो अभियान थालिएको हो ।'–रेग्मीले भने । १८ वर्ष उमेर पुगेपछि उनीहरू कानूनी रूपमा सवल हुन्छन् र यहाँ यो उमेरलाई पर्वकै रूपमा मनाइने चलन रहेको पनि उनले जानकारी दिए ।

कोषको नाम नै 'छोरी' भएकाले यसलाई चितवनका विभिन्न सामाजिक अभियन्ताहरूको सहकार्यमा गैरसरकारी संस्थाको रूप दिँदै चितवन र बेल्जियम दुबै ठाउँमा दर्ता गरिने उनले जानकारी दिए ।

सो अक्षयकोष चितवन जिल्लाको जुगेडीमा केन्द्रीत बनाई पहाडी ईलाकाका छोरीहरूको शिक्षा र स्वास्थ्यमा परिचालन गरिने लक्ष लिईएको छ । रेग्मीले स्थापना गर्ने सो अक्षयकोषको संरक्षकमा आफ्ना पिता धर्मानन्द रेग्मी र आमा खीनाकुमारी रेग्मी संरक्षक रहने जानकारी गराइएको छ ।

रेग्मी सामान्य किसान परिवारका व्यक्ति हुन् र अहिले उनी बेल्जियमसम्मको राजनीतिमा क्रियाशिल छन् । बेल्जियमको ठूलो राजनीतिक दल एनभिएको क्षेत्रीय स्तरको नेता समेत रहेका रेग्मीको दल अहिले बेल्जियमको सत्तामा समेत छ ।

# नवलपरासीमा एकको ज्यान गयो

**सञ्चारपत्र सम्वाददाता**
नवलपरासी, ९ वैशाख

नवलपरासीमा मंगलबार राति भएको सवारी दुर्घटनामा एक जनाको ज्यान गएको छ ।

पूर्व पश्चिम राजमार्गअन्तर्गत अरूणाखोलामा लु१५प ७०७१ नम्बरको मोटरसाइकल रोकिराखेको ना ३ ख ३७ नम्बरको ट्याक्करसँग ठक्कर खाँदा एक जनाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

मृत्यु हुनेमा पाल्पा जिल्ला तानसेन नगरपालिका निवासी २७ वर्षीय मिलन कार्की रहेको नवलपरासी प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सो सवारी दुर्घटनामा गम्भीर घाइते भएका कार्कीको उपचारको क्रममा मृत्यु भएको हो ।

गण्डकी विकास बैंकको १ वर्षे मुद्दति खातामा
कल खातामा ८% सम्म ब्याज
९% सम्म ब्याज*
साथै सर्वसुलभ कर्जा आजको आजै
गण्डकी विकास बैंक लिमिटेड
Gandaki Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजतपत्र प्राप्त संस्था) Your Bank In Need
केन्द्रीय कार्यालय,न्यूरोड, पोखरा
फोन नं. ०६१-५४०४६०, ५४०४६६
फ्याक्स ०६१-५४१२५५
* शर्तहरू लागू हुनेछ।
शाखा कार्यालयहरू
लेखनाथ, बेशीशहर, कुश्मा, गोरखा, नारायणगढ, बुटवल, मुग्लिङ, कावासोती, चोरमारा, बागलुङ, दमौली, स्याङ्जा, चनौली, लेकसाइड, हुवास, बर्दघाट, टाँडी, भैरहवा, सेमलार र वालिङ

छोराछोरी दुबै बराबरी

Hurry Up Business/Tourist visa For Europe, Schengen Countries
• High success rate
• Guidance by European experts
• Seminar available in Schengen countries
• Low upfront cost Limited seats
Countries are:
Belgium, Denmark, France, Germany, Greece, Malta, Netherland, Norway, Poland, Portugal, Spain, Switzerland & many more
MOTION Educational Consultancy Pvt. Ltd.
Chitwan Branch:
Opposite to CMC, Chitwan
Tel.: 056-524952, 9860786897
Email: motioneducation.consultancy@gmail.com
Head Office:
New Baneshower, Kathmandu (Infront of Civil Bank)
Tel.: 01-4105035

STUDY IN Japan
Australia / Newzealand / UK / Canada / USA & manymore
Intake April 2015
• विगत १० वर्षदेखि कार्यरत
• दक्ष प्रशिक्षक द्वारा Language Class
• ५ लाखमा जापान जान पाईने
• Part time job Gurantee
• Free Processing
• Working visa after Language
• Dependent also can apply after one year
• City of your choice
• Free Airport Pickup
• Visa fee after visa
IELTS, English, Japanese Language Classes
MEET POINT Educational Consultancy Pvt. Ltd.
Branch Office: Chitwan, Parsa, Chaubis Koti
Tel: 056-582387, 9855066078
Head Office: Putalisadak (Way to Dillibazar), Ktm
T: 01-4421893, F.: 01-4244300
E: info@meetpoint.edu.np/ Url: www.meetpoint.edu.np

MIT Mission Institute of Technology
056-561330
SLC ? AFTER
Engineering
Staff Nurse
Lab Tech, Pharmacy
HA Entrance Prepⁿ &
Advance Science Bridge Course
Study in INDIA with Scholarship:
B.Sc. Nursing • MBBS • BHM • BDM • BN • B. Pharma • MCA • BA.LLB • BE
MISSION INSTITUTE OF TECHNOLOGY
Ratnanagar-2, Tandi
Mob. 9855065583/ 9855062519/ 9845089215
Bharatpur Office 056-531408

## हार्दिक बधाई



**रिष्मा श्रेष्ठ**

हाम्रो यस वैकुण्ठपथ टोल विकास संस्थाका सदस्य श्री राजकुमार श्रेष्ठ र रिता श्रेष्ठ ज्यूको सुपुत्री सुश्री रिष्मा श्रेष्ठ सन् २०१४ अगष्ट २६–२८ सम्म मित्र राष्ट्र दक्षिण कोरियामा सम्पन्न जेन्जु ओपन इन्टरनेशनल तेक्वान्दो प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनुभएकोमा उहाँलाई **हार्दिक बधाई** तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**फूलनाथ निउरे**
अध्यक्ष एवम्
**वैकूण्ठपथ टोल विकास संस्था** परिवार
भ.उ.न.पा.–५, लंकु चितवन

**कार्यालय** : भरतपुर–१०, जिल्ला प्रहरी कार्यालय अगाडि, चितवन, फोनः ०५६–५२७१२७ (समाचार), ५३३१६५(मार्केटिङ), E–mail: esancharpatra@gmail.com, Web: www.chitawan.com मुद्रकः कालिका अफसेट प्रेस,
उपसम्पादक– **आनन्द पोखरेल**, प्रबन्ध सम्पादक– **मुकुन्दराज दहाल**, सम्पादक/प्रकाशक– **हरिप्रसाद पोखरेल**, प्रधान सम्पादक– **कृष्ण गिरी**